# मुख्य न्यायाधिवक्ताको कार्यालय

प्रदेश सरकारको मुख्य कानुनी सल्लाहकारको रूपमा संवैधानिक एवं कानुनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिने कर्तव्य सहित यस कार्यालयको स्थापना भएको हो।

१. **लेखापरीक्षण अङ्क** - यो वर्ष कार्यालयको रु.३ करोड ५ लाख २४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| २९६५० | ४ | ८७० | ० | ३०५२४ |

२. **बजेट तथा खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीको वित्तीय प्रतिवेदन अनुसार कार्यालयको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहाय बमोजिम रहेको छः

(रु.हजारमा)

| खर्च शीर्षक | सुरु बजेट | अन्तिमबजेट | निकासा/खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| चालु खर्च | | | | |
| २११०० पारिश्रमिक /सुविधा | ५६५५ | ५६५५ | ४८४३ | ८५.६४ |
| २१२०० कर्मचारीको सामाजिक सुरक्षा | २१४ | २१४ | ७४ | ३४.५८ |
| २२१०० सेवा महसुल | १३७० | १३७० | ११६८ | ८५.२६ |
| २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन | ३२२३ | ३२२३ | ३०९२ | ९५.९४ |
| २२३०० कार्यालय सामान तथा सेवाहरू | २००० | २००० | १७६३ | ८८.१५ |
| २२४०० सेवा तथा परामर्श खर्च | ८१४५ | ८१४५ | ८०८७ | ९९.२९ |
| २२५०० कार्यक्रम सम्बन्धी खर्चहरू | ६५०० | ६५०० | ५०१० | ७७.०८ |
| २२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च | १५८५ | १५८५ | १३२२ | ८३.४१ |
| २२७०० विविध खर्च | ७०० | ७०० | ६९५ | ९९.२९ |
| २८१०० सम्पत्तिसम्बन्धी खर्च | ८०८ | ८०८ | ६०४ | ७४.७५ |
| **जम्मा** | **३०२००** | **३०२००** | **२६६५८** | **८८.२७** |
| **पुँजीगत खर्च** | | | | |
| ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | ४००० | ४००० | २९९२ | ७४.८ |
| **कुल जम्मा** | **३४२००** | **३४२००** | **२९६५०** | **८६.७०** |

उल्लिखित तालिकाअनुसार कार्यालयले विनियोजनको चालु खर्चतर्फ ८८.२७ प्रतिशत, पुँजीगत खर्चतर्फ ७४.८० प्रतिशत र समग्रमा ८६.७० प्रतिशत खर्च भएको छ।

३. **सम्पत्तिको विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्माको घरजग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराइ राख्नुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली अनुसार गत वर्ष कार्यालयमा रु.२ करोड ७६ लाख २५ हजार मूल्यको सरकारी भवन, जग्गा, कार, जीप, मोटरसाइकल, उपकरण, फर्निचर लगायतका सम्पत्तिहरू देखिन्छ। कार्यालयको सम्पत्तिको विवरण सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अद्यावधिक गरी संरक्षणको उचित व्यवस्था गर्नुपर्दछ।

४. **मुद्दा दर्ता तथा बहस पैरवी -** यो वर्षको वार्षिक प्रतिवेदन अनुसार प्रदेश सरकार अन्तर्गतका कार्यालयलाई विपक्षी बनाई दर्ता गरिएका उत्प्रेषण, परमादेश, प्रतिषेध, अधिकारपृच्छा, निषेधाज्ञा, अदातलको अवहेलना, रिट निवेदन तथा अन्य समेत गरी ३६८ मुद्दा लगत रहेकोमा चालु वर्षमा १९६ मुद्दा फस्यौंट गरी १७२ बाँकी रहेको देखिन्छ।

५. **कानुनी सहायता -** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयले कानुनी सहायता अधिकृतको नियुक्ति तथा सेवा शर्तसम्बन्धी निर्देशिका, २०७५ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। निर्देशिका बमोजिम ८ कानुनी सहायता अधिकृत नियुक्ति गरी रु.३८ लाख ३० हजार पारिश्रमिक भुक्तानी गरेको छ। कानुनी सहायता अधिकृत मार्फत् १ हजार ७०१ मुद्दा सङ्ख्याको कानुनी सहायता प्रदान गरेको छ।

६. **फैसला कार्यान्वयनको अनुगमन** - मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य सर्तसम्बन्धी ऐन, २०७५ को दफा ४ मा प्रदेश सरकार र मातहतका निकायहरूका नाममा अदालतबाट भएको फैसलाहरूको प्रभावकारी कार्यान्वयन गर्न गराउन प्रदेश सरकारलाई पत्राचार गर्ने र फैसला कार्यान्वयनको अनुगमन गर्ने व्यवस्था छ। कार्यालयले प्रदेश सरकारको पक्ष वा विपक्ष भएको मुद्दाहरूको फैसला कार्यान्वयनको अनुगमन गरी सोको प्रतिवेदन तयार गरेको पाइएन।

७. **समन्वय र सहकार्य** - मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य सर्तसम्बन्धी ऐन, २०७५ को दफा ४ मा प्रदेश सरकारका मन्त्रालय, सचिवालय, विभाग वा प्रदेश सरकारका अन्य कार्यालयबाट अदालतमा पेस हुने प्रतिउत्तर, लिखितजवाफ लगायतका कानुनी मस्यौदामा स्तर कायम गर्न आवश्यक समन्वय गर्ने र राय सल्लाह दिने व्यवस्था रहेको छ। कार्यालयले एकरुपता र समन्वय गर्नुपर्दछ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतको प्रतिवेदनमा बहस पैरवी तथा मुद्दा फस्यौंटको स्थिति लगायतका विषयमा सुझाव दिइएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिँदैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष कार्यालयको लगती बेरुजु देखिएन। यससम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ।